# रो (अवधारणा)

मगर जातिको उत्पत्ति थलो रुकुम जिल्लाको हुकाम – मैकोइमा पर्ने योमाखार तथा पेल्माखार ओडार भएको मानिन्छ । गण्डकी नदीको प्रसिद्ध ठाउँ "रीडी" देखि पश्चिम १८ र पूर्व १२ वटा प्राचीन मगर राज्यहरु थिए । पछि सोही १८ र १२ बाट कमश: २२ से र २४ से खस राज्य नामले चिनिदै विशाल नेपालको एकिकरण भएको इतिहास छ ।

भूम्या १८ मगरात क्षेत्रमा उधेली ऋतुको रुपमा मनाइने पर्व हो । उधेली ऋतुको आरम्भ ६ महिना कल्पो पसेका बाजा बजाउने, नचारु, जोन्याल्नी ओखला पस्ने, बाली नास गर्ने चरा, मूसा, खरायो, फट्याङग्राको प्रतिक र रक्षक रमा (झाँक्री)को सामग्री ह्याङग्रो, गजा, पेटारा, गोली, मटेङरा, पिठो-रोटी बनाई राङक्या (लुतो) फ्याँक्ने र भूम्या, भूँमिया, बल पूजा, नोकोवाङ पूजा तथा राङक्या तिवार नामले चिनिन्छ ।

– पाङ पो

# भूम्या



पलिङन्या:

अथार मगरात मगर
भाषा-संस्कृति
विकास प्रतिष्ठान

# भूम्या

सर्वाधिकार : पाङ पो मा
सरन्या : बम कुमारी बुढा मगर
प्रति : १५०० थान
मिति : २०६० साल असार
मुल्य : रु. १०/-

## सहयोग

नील बहादुर पुन मगर र थम प्रकाश पुन मगर
बाग्लुङ

ठेगाना:
कलंकी, काठमाडौं
फोन नं. ४३१२३१० पो.ब.नं. ४९१४
Email: eighteenmagarat@hotmail.com

मुद्रण :
नमूना प्रिन्टर्स,
ओम बहाल
फोन : ४२१८२९१

कम्प्यूटर :
साइबर कर्नर रुम
ओम बहाल
फोन : ४२४९५५०

# मीन

पन्ना


| | | |
|---|---|---|
| १. | के हो भूम्या ? | १ |
| २. | स्योपा र गोरपा को हुन ? | ३ |
| ३. | भूम्या कहिले र कहाँ ? | ४ |
| ४. | भूम्या पूजा र काला सावन किन ? | ६ |
| ५. | कसरी मनाइन्छ भूम्या ? | ९ |
| ६. | भूम्या पूजा विधि | ११ |
| ७. | स्याई (नाच) | १५ |
| ८. | राङक्या क्याइन्या (लुतो फ्याँक्ने) | १७ |


# भूम्या

## १. के हो भूम्या ?

मगरहरु प्रकृति पूजक हुन्, भन्ने कुरा उनीहरुको सामाजिक रीतिरिवाज अध्ययन गर्दा स्पष्ट हुन्छ । बुद्ध कालिन समयमा बुद्ध धर्म अवलम्बन गरे भने, पछि हिन्दू संस्कृतिको दवावले केही मगर हिन्दू बने, केहीले बुद्ध धर्मको अवशेषलाई आफ्नै सामाजिक मान्यताद्वारा हाल सम्म कायम राखे तथा केही अझै बौद्ध संस्कृति बचाई रहेका छन्। समग्रमा प्रकृति पूजा अधिकांश जनजातिमा पाइए झैं, मगरमा पनि पाइन्छ ।

मगरहरुले सेम्या, भुम्या, सिरुङ, सेदेनी, गौराली, बनझाँक्री आदि पुज्दछन् । कुखुराको फुल

तथा सानो चल्ला मुलमा लगेर छोड्ने, भञ्ज्याङमा ढुंगा स्याउला फाल्ने, धजा टाङ्ने, दूधको धार चढाउने, चामल, वेसार रेखी तथा अछेता डाँडामा-मूलमा चढाउने, धागो थाम्ने, होर गर्ने, वीर जप्ने, झार-फुक, चट्याङबाट बच्ने उपाय खोज्ने, ग्रहणमा ढिकी, जातो, बन्दुक, बाजाहरु चलाउने, खडेरीमा पानी माग्ने, असिना-हुरी रोक्न प्रयास गर्ने जस्ता प्रकृति पूजा मगर समाजमा छ।

मगर परम्परामा ऋतु दुइ मात्र छन्, उधेली र उभेली। सावन देखि-पुससम्म उधेली र माघदेखि असार सम्म उभेली। कुनै मानिस बिरामी भइ ग्रह-दसा हेराउंदा, गौदा देखियो भने काड्डे-खोदे (बिरामी मानिसको ग्रह दशा तार्नका लागि सल्लाको काठबाट बनाइएको सामाग्री) केराको बोट, माटोको दिय्रा साथ रमा (झाँक्री), धामी तथा गारुलेले उभेली



ऋतुमा उत्तर दिसा र उधेली ऋतुमा दक्षिण दिसा तर्फ लगेर "गौदा तोल" गरिन्छ। उभ भनेको माथि र उध को अर्थ तल हुन्छ। गौदा फाल्दा विपरित दिसा तर्फ फालियो भने सब्बे हुंदैन भनिन्छ।

२. स्योपा र गोरपा को हुन् ?

किम्बदन्ती अनुसार "उहिले स्योपा र गोरपा बीच अंशको लागि छलफल चलेछ, गोरपा (मगर)ले स्योपा (प्रकृति)लाइ संझाउदै, तिमी बनतिर जाउ, तिम्रो अंश छैन, वंश छैन। धार, धूप, खाउ, आजदेखि तिम्रो हाम्रो बिदावारी भयो। तिम्रो साका-भाका यही हो, भनेर संझाई-बुझाई बनतिर पठाएको हुंदा उपरोक्त विधिबाट प्रकृतिलाई मनाउने चलन चलेको हो", भनिन्छ।

## ३. भूम्या कहिले र कहाँ ?

पहिले मानिस कन्दमुल खाने गर्दथे। विस्तारै खेतीको विकास हुँदै गए पछि अधिकांश खाद्य वस्तु वर्षामा उब्जने र उब्जिएको वस्तु बाढी-पैराबाट बचाउन कामना गरिने हुँदा वर्षा ऋतुमा फूल्ने फूल, कन्दमुल, खेतीबाट उत्पादित वस्तुहरु प्रकृतिलाई चढाउने तथा घर भित्रको धैंसो-खरानी उडाएर, पार्नाको रमझम संगै भूमिया नाच /भूम्या नाँच /बल क नाँच /नोकोबाङ नाँच नाचिन्छ। प्रकृतिलाई खुशी गराउन प्राचीन कालमा कुनै ठाउँहरुमा गाउँको सबभन्दा बुढो मानिस चढाइन्थ्यो पनि भनिन्छ भने, कतै भेडो वनको मृग छोपेर तथा धेरै ठाउँमा कुखुराले पूजा गरिन्छ। खास गरी भूम्या पूजा बैशाखे पुन्नी, जेठ-पुन्नी, असार १, सावन १, भदौ १२ र श्राद्धे पुन्नीसम्म विभिन्न ठाउँमा केही भिन्न विधिद्वारा



गरिन्छ। रोल्पा-रुकुमको उच्च पहाड उत्तरी भागमा आलु खन्ने तथा जौ काट्ने कामको अन्त्य र भेडाहरु बुकीको चरणमा रहेका बखत स्थानीय दुर्लभ फूलहरु फुलेका दृश्यसंगै असार १ गतेदेखि भूम्या/बल क पूजा/नोकोबाङ थाला शुरु गरिन्छ। केही भागमा सावन १ गते अझ बढी महत्व दिएर, भूम्या मनाएको पाइन्छ।

खास गरी उधेली-उभेली ऋतु जस्तै आंउसी-पुन्नीको पनि महत्व गरिन्छ। अथार मगरात क्षेत्रका जङ (जंकोट) का अन्तिम मगर राजा दान्या जैतम सावन १ गतेको बाढी-पैराले दैवीय घटनाबाट उनको साथै कोई (कोट) नै पतन भएको कारण त्यस्तो घटना फेरि नपरोस् भन्ने कामना गर्दै अन्नेरी-उजेली (आउंसी-पुन्नी) मिलाई असार महिना भरी नै रात-दिन धापा-धामी (युवा-युवती)हरु गाउँदै नाँच्दै दैवी,

प्रकोप, अनिकाल, रोग भयबाट मुक्ति पाउन पुकारा
गर्ने चलन शुरु भएको हो । जङकोइ (जंकोट)
राज्यको आस-पास लगायतका ठाउँमा सावन १ गते
उक्त चाड मनाइन्छ । सावन १ गते राडक्या तिवार
(लुतो फ्याक्ने) उधेली चाड, र दान्या जैतम जयन्तीको
रुपमा पनि चिनिन्छ । उधेली चाड र उभेली चाडको
सरकारी मान्यता र सार्वजनिक विदा हुनु पर्छ भन्ने
बूंदा समावेश ज्ञापन-पत्र २०५६ सालमा सम्पन्न नेपाल
मगर संघ राप्ती अंचल स्तरीय भेलाले रोल्पा जिल्ला
प्रशासन कार्यालयमा बुझाएको पनि छ ।

## ४. भूम्या पूजा र काला सावन किन ?

काली गण्डकीको "रीडी" बाट पूर्व १२ मगरात
र पश्चिम १८ मगरात प्राचीन मगर राज्य, हुन् भन्ने
कुरा ऐतिहासिक ठहर छ । १८ मगरातलाई काला



क्षेत्र र १२ मगरातलाई गोरा क्षेत्र पनि भनिन्छ ।
काला क्षेत्रको मुल स्थान सल्यान जिल्लामा पर्ने मोल
पा कोइ (कोट मौला) काला हिस्सा हो भने, गोरा क्षेत्र
पाल पा हो । सल्यान र पाल्पा प्राचीन ठूला केन्द्र
भएका कारण प्रशासकीय जिल्ला अन्तरगत
राणाकालिन समयमा बढी थुमहरु कायम रहेका थिए ।

१८ मगरात मोल पा (काला क्षेत्र) का अन्तिम
राजा दान्या जैतम जङ कोइ (जंकोट) र पाल पा
(गोरा हिस्सा) का अन्तिम राजा मानसिह गोरखा
राज्यहरु शेषको रुपमा रहेका कारण पछि "काला
शेष र गोरा शेष" भनिएको जनजिब्रोमा यद्यपि पाइन्छ ।

काला क्षेत्रका राजा दान्या जैतम सावन १
गतेको ठूलो बाढी-पैराले कोइ र राजपरिवार समेत
पतन भएको वर्ष ठूलो अनिकाल परी कन्दमुलहरु खाने
क्रममा सिस्नुको जरा तथा सिमलको जरा समेत

खाएका थिए र सिस्नु खाने बाँचे, सिमल खाने मरेथे भनिन्छ। यसै प्रशंगमा उक्त वर्ष अलि-अलि अन्न छर्केर दावन (खोले) बनाएर खाएको कारण, अहिले पनि सावन महिनालाई "काला सावन, अन्नको दावन" भन्ने गरिन्छ। काला सावन भनेको अर्थ काला क्षेत्रका अन्तिम राजाको पतन भएको महिना हुनाले हो। यति सम्म भनिन्छ, "साउने संक्रातिमा मर्छु कि भनेर खानु, भदौरे संक्रातिमा बाँचे, भनेर खानु" यसको मतलब साउने संक्रातिका दिन ठूलो घटना भएकोले हो।

उधेली र उभेली छ-छ महिनालाई मुख्य दुइ ऋतु मान्दै आएको परम्परा असार १ गते भूम्या उत्सव थालनी गर्नु चाही पहिलो कुरा एक महिना देखि दैवी संकट नपरोस् भनेर मंगल कामना गरिएको हो भने, अर्को कारण धान रोपाई, मकै,



कोदो खन्ने कामको बोझ नभएको फुर्सद मिलाएर उच्च पहाडमा महिना भरि जात्रा लाग्ने संस्कृति चल्यो। उभेलीमा भ्यागुता जमिन बाहिर निस्केर कराउन थाले पछि बाजा कल्पो पर्ने (बजाउन बन्द) हुन्छ। उधेलीमा भूम्या पर्व पछि भ्यागुता कल्पो पर्छ, बाजा खुल्दछ र सो ऋतुभरी विभिन्न प्रकारका नाँचहरु नाँच्न ओखला पर्ने चलन छ र पुस महिना भित्र नांच विसर्जन वै ओदाइन्या (फूल उडाउने) काम हुन्छ। माघ देखि नाँच, गीत, बाजा बन्द गर्न ऋतु परिवर्तन भएको सूचक माघे सक्रातिमा ब्याउली (पुतली) पोलिन्छ। भूम्या पूजामा नांच्ने चलनलाई भूम्या स्याई/ भूमिया स्याई /बल क स्याई तथा नोकोबाङ स्याई भनिन्छ। "स्याई" भनेको नाचँ हो भने नाँच्ने ठाउँ "थाला" हो। भूम्या पूजा गर्ने ठाउँलाई "भूम्या थाला" भनिन्छ। सेम्या र भूम्या ज्यादै शक्तिशाली प्राकृतिक शक्ति हुन्

र यिनको पूजाले मानिसमा सम्पूर्ण इच्छा पूरा हुन्छ भन्ने मान्यता छ।

## ५. कसरी मनाइन्छ भून्या ?

बाढी-पैरा नजावस् तथा रोग ब्याध नलागोस् भन्ने कामना गर्दै, प्रकृतिसंग जन्मस्थान/आवादी गरेको ठाउँ/हक भोग कायम रहेको नाम (नमिन/भूमि) मा गरिने पूजालाई भून्या पूजा/भूमिया पूजा/बल पूजा/ नोकोबाङ पूजा/राङक्या तिवार/चोखे पर्व/धोदला-धोदली पूजा/असुर कुमाकी पूजा/हरेला/ भुयार/ओखला (नाच शुरु गर्ने दिन वा स्थान) पूजा विभिन्न नामबाट विभिन्न ठाउँमा पुजिन्छ र उत्सव मनाइन्छ। माघदेखि बन्द राखिएका बाजाहरु सावन १ गतेदेखि राङक्या (लुतो) फ्याके पछि बजाउन थालिन्छ। भदौ महिनामा जैसीद्वारा साइत हेरेर जिउ पछे तिथि पारी नचारु-जोन्याल्नीहरु ओखला पसी



उधेली ऋतुभरी नाँचेर पुसमा वै(फूल) उडाइं माघे सक्रातिको दिन कलाकार स्वरुप पुरुष-महिला ब्याउली (पुतली) बनाएर ऋतु परिवर्तन भएको सन्देस जनाउदै जलाएर बाजाहरु बन्द गरिन्छ।

## ६. भून्या पूजा विधि :-

परम्परागत रुपमा शिकारी संस्कृति तथा प्रकृतिको नाममा पूजा गर्ने चलन भएकोले नै अहिले पनि स्थानीय ढुँगाको गुफा/थान बनाएर पूजा गरिन्छ। सो परम्परा बुद्ध धर्म अबलम्बन गरेपछि पनि हट्न सकेन। मगर समाजमा प्रकृति पूजा, बुद्धधर्मको पालन तथा हिन्दूधर्मको प्रभावका कारण यदाकदा अन्योल हुन सक्छ। पुरानो मुल्य मान्यता नहटेकोले जलजला, मनकामना, छाब्दी बाह, ढोर ब्राहा, ब्राहा कोने ब्राहा, रीहार ब्राहा, बुढा सुब्बामा मगर पुजारी छन्। पुजारी हरु

मुन्या (स्वास्नी गर्भवती) भएको बेला, पुजा सामान छुदैनन् । भून्या पूजामा पनि सोही चलन हुन्छ । जमिनको छेउमा खरको मोका (खोपा) बाँध्ने, भलाको डालोमा अण्डाको खोस्टा भोजपत्र, कपाल, दर्सन ढुँगा राखेर गाडिदिने, कुटा वा हसियाले जमिनको चारैतिर सात पटक खुर्सिने, काम उब्जाउ नघटोस् भनेर गरिन्छ ।

अझ नाँच-गीतका रोचक क्रियाकलापले भून्या पूजालाई बढी महत्व दिएको छ । उच्च पहाडमा बै/बास तथा पन्थ्याउली (रुखको लिङ्गु) लिन धापा-धामी (युवा-युवती)हरु ४-५ दिन पहिले बुकी (कैलाश)मा जान्छन् । खानेकुराहरु लगेर उकालोमा नाइ (बिसौना) बनाउदै, गीत गाउदै बुकीमा पुग्छन् ।



गीतको बोल :-

बुकी बाया बै/बास तिदी रइय्‌या ऽऽ
भून्या देब ! बिनती चराइया ऽऽ
आउ दे ल.................... अइ आमा ऽऽ
आब गे ता कैलास गे हुके कक
देवता र अछेता गे छ री कक
आउ दे ल .................... अइ आमा ऽऽ

यस्तै प्रकारले जा-याल्नी रागमा गीत

इ ला या ला सेम्या - भून्या ! सै ऽऽ
जे मान गे नाइ रा ज्या यु दी ! सै ऽऽ
गे जन ख कै ता दाज्या च्यो! सै ऽऽ
जे दाइनो ले सांगल दाइनो ! सै ऽऽ
नराम फुरका चरा ई दया ! सै ऽऽ
छली मली ता धा ज्या च्यों ! सै ऽऽ

बुकिबाट फूल टिपेर फर्कदाको गीत :
कैलास ल वै/वास तिदी खेम्के,
आब नाडखार आसिक गे बइके।

कैलास-जादा र फर्कदा बाजा र जमिन खोला, धौरालीको मान राख्ने भाका गाइन्छ। निश्चित थान पोंतर नयाँ अन्न जौ, गहुँको छाकी ली (जाँड) आ-आफ्नो बारीमा उब्जेका बाली, पाता धजा, अछेता, तिला (पैसा) पुजारीको हातमा दिइन्छ र पुजारीद्वारा थानमा चढाइन्छ। मेडो (बली चढाउने जनावर) गाउँभरी घुमाइन्छ। मेडोलाई घुमाउदा, घर-घर ग्रह टार्न आङमा धजा, अछेता, खरानी, धैसोले छर्ने, धुपले चोख्याउने गरिन्छ। थानमा मेडो नआइपुग्दा सम्म गाउँभरीको जेठो मानिसलाई नामचुङ (भूमिपति) को रुपमा पगरी गुथाएर स्थापना गरिन्छ र मेडो नदेख्नेगरी नामचुङलाइं टाढा पठाई पुजा गरिसके



पछि कुखुराको चिङ्डा (कलेजा), मेडोको पात (कलेजाको छेउको सानो अंग) हेरिन्छ। मेडोको भुडी खाली गरी सबै मासु टुक्रा गरिभरिन्छ, यदि मासुले भुडी टम्म भरियो भने उब्जाउ राम्रो हुने र आधा भएमा भोकमरी हुने भविष्यवाणी पनि गरिन्छ। चढाइएको जाँड, मासु, फलफूल, रोटी प्रसाद खाएपछि, बल क स्याई/नोकोबाङ स्याई/भून्या स्याई/भूमिया स्याई शुरु हुन्छ।

७. स्याई (नाँच) :-

लहरै महिला पुरुष-धापा-धामी (युबा-युवती), लुजा-भाङजा (केटाकेटी) गोलो घेरामा नाच्दछन्। दमा, नरसिङ्‌डा, सनाई, छेल्लर, बासुरी, झ्याली विभिन्न ताल बजाएर नाँच शुरु गर्छन्। साथै गीतको दोहोरो जवाफ पनि चल्दछ।

जस्तै : बल पूजामा फूल चढायौं ! फूल चढायौं !!
बाच्यौं भने अर्को साल मरे हरायो !
मरे हरायो !!
फरकी-फरकी चर्न लाग्यो, भुले बहर !
बरस दिनको भूम्या पर्व फेरों लहर !!

विभिन्न तालमा फेरिने गीतको बोल पनि फरक हुन्छ।
बोलङ (संयुक्त) : अहिले साल अन्तिम भयो
आहा ..... बाँचे अर्को साल स्याम्मै)२

खेपा (पुरुष) : अन्तिम बेला बिदा हुन्छ
(आहा ..... मन साहरै रुन्छ स्याम्मै)२
चेली : माइती बाँची रहे,
आहा... फेरी भेट हुन्छ स्याम्मै)२

बोलङ (संयुक्त) : अहिले साल अन्तिम भयो



आहा .... बाँचे अर्को साल स्याम्मै)२

मेमा (महिला) भूम्यासंग आसिक मागी,
(आहा ..... फेरी अर्को साल
आहा.... फेरी बाँच्ने आस स्याम्मै)२
बाँच्यों भने अर्को साल
(आहा.... आउँला माइती देश स्याम्मै)२

बोलङ (संयुक्त) : अहिले साल अन्तिम भयो
(आहा...... बाँचे अर्को साल स्याम्मै)२

खेपा (पुरुष) .... चेली जान्छ्यौ आफ्नो घर
(आहा... माइती सधैं रुनु स्याम्मै)२
अर्को साल माइती देश
(आहा .... संझी फेरी आउनु स्याम्मै)२

८. राडक्या क्याइन्या (लुतो फ्याक्ने) :-

साउने सक्रातिको अर्को नाम राडक्या तिवार हो। जसले राँको फ्याक्ने भन्ने सामान्य अर्थ बुझिन्छ। पिठोको चरा, मुसा, द्याग्रो, गजा, गोली, मटेङ्ग्रा तेलमा पकाएर थानमा चढाई खाइन्छ। चार कुने तात बनाएर स्याउलाले छाउने र झर्को, कजमती (चिउरी घ्यूमा मलेको टालो), दाउरा बालिन्छ। शरीरलाई सामान्य घुमाएर लुतो, जा, रोग-व्याध जा! भन्दै केही टाढासम्म फ्याकिन्छ। यस अर्थले ऋतु परिवर्तन भएको मानिन्छ।

- खेम्दा-